रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ९ संख्या: ५ मिति :२०८१/१०/२२ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०८१

सम्बत २०८१ को कार्यविधि नं. ५ कार्यपालिकाबाट पारित मिति :२०८१/१०/२२

# विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना :** समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचको अभिवृद्धि मुख्य चुनौतिको रुपमा विद्यमान रहेकोले गाउँपालिकाका विपन्न नागरिकहरुलाई गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गरि विपन्न नागरिकहरुलाई स्वास्थ्य सम्बन्धी हक कार्यान्वयन तथा निजहरुको स्वास्थ्य उपचारमा हुने व्यय भारलाई कम गर्न, आर्थिक सामाजिक रुपले समस्यामा परेका नागरिकहरुलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामूलक पहुँच अभिवृद्धि गर्न साथै नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तिका प्रत्याभूति गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को प्रयोग गरि रुरुक्षेत्र गाउँपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम **"विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधी गाउँपालिकाको स्थानीय राजपत्रपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

क) **"स्वास्थ्य बिमा"**भन्नाले स्वास्थ्य बिमा ऐन तथा स्वास्थ्य बिमा नियमावलीमा भएको व्यवस्था बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रमअन्तरगत स्वास्थ्य सेवाप्राप्तिका लागि व्यक्ति एवं परिवारले गर्ने बिमालाई सम्झनु पर्दछ ।

ख) **"विपन्न नागरिक"**भन्नाले दफा ९ ले सिफारिस गरेका व्यक्ति सम्झनु पर्दछ ।

ग) **"अध्यक्ष"** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **"उपाध्यक्ष"** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) **"गाउँपालिका"** भन्नाले रुरुक्षेत्र गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ) **"कार्यपालिका"** भन्नाले रुरुक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज)**"शाखा"** भन्नाले रुरुक्षेत्र गाउँपालिका स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

झ) **"वडा समिति"** भन्नाले दफा ९ को उपदफा १ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

ञ) **"पालिका समिति"** भन्नाले दफा ९ को उपदफा २ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## सेवाको प्रकार र लाभग्राही

३. **सेवाको प्रकार :** यस कार्यविधि बमोजिम देहायको सेवा उपलब्ध गराइनेछ ।

१) गाउँपलिकाको शतप्रतिशत लगानिमा विपन्न नागरिकहरुलाई स्वास्थ्य बिमा ।

४. **लाभग्राही :** दफा ३ बमोजिमको सेवा प्राप्त गर्नका लागि देहाय बमोजिम लाभग्राही हुनेछन् ।

क) दफा ९ को उपदफा १ बमोजिम समितिले सिफारिस गरि पालिका स्तरिय समितिले प्रमाणित गरि कार्यपालिकाले निर्णय गरेका विपन्न नागरिक यस कार्यविधि बमोजिम स्वास्थ्य बिमाको लाभग्राही हुनेछन् ।

## परिच्छेद-३

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

५. **आवद्धता :** नेपाल सरकारको स्वास्थ्य बिमा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

१) विपन्न नागरिकलाई कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जना सम्म सदस्य रहेको परिवारलाई एक इकाई मानिनेछ ।

२) कुनै विपन्न परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य बिमा नियमावली २०७५ को अनुसूची-१ बमोजिमको योगदान रकम भुक्तानी हुने गरि आवद्ध गराउन सकिनेछ ।

३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य बिमा नियमावली २०७५ बमोजिम हुनेछ ।

## परिच्छेद- ४

## योगदान रकम र सहुलियत प्राप्त गर्ने व्यवस्था

६. **योगदान रकम :** १) स्वास्थ्य बिमामा आवद्धता हुँदा लाग्ने योगदान रकम नेपाल सरकारको स्वास्थ्य बिमा नियमावली, २०७५ बमोजिम हुनेछ ।

२) विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम मार्फत स्वास्थ्य बिमामा आवद्धताको लागि दफा ४ बमोजिमका लाभग्राहीहरुले बहन गर्नुपर्ने सम्पूर्ण योगदान रकम( प्रिमियम) गाउँपालिकाले व्यहोर्ने छ ।

७. **प्रारम्भिक सूची प्रकाशन र बिमा प्रक्रिया :** १) विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम मार्फत स्वास्थ्य बिमा गर्ने कार्यका लागि विनियोजित बजेटको परिधिमा रहि सम्बन्धीत वडा कार्यालय र गाउँपालिकाबाट देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

क) गाउँपालिकाले पालिका स्तरिय सूचना प्रकाशन गर्ने

ख) अनुसूची १ बमोजिमको निवेदन सम्बन्धीत वडाले लिने,

ग) गरिब तथा अति विपन्न भएको सुनिश्चित गरि प्राथमिकताका आधारमा वडा समितिले लाभग्राही छनोट गर्ने,

घ) दफा ७ को उपदफा १ (ग) बमोजिम छनोट भएका लाभग्राहीहरुको फोटो सहितको प्रारम्भिक सूची सम्बन्धीत वडा कार्यालयले सर्वसाधारणको जानकारीका लागि वडामा टाँस गर्ने तथा वेबसाइट/सामाजिक सञ्जालमा प्रकाशन गर्ने,

ङ) दफा ७ को उपदफा १ (घ) बमोजिम प्रकाशन भएको प्रारम्भिक सूचीमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आधार र कारण खोली सम्बन्धीत वडा कार्यालय समक्ष उजुरी दिने,

च) दफा ७ को उपदफा १ (ङ) बमोजिम प्राप्त भएको उजुरी उपर सम्बन्धीत वडा कार्यालयले ७ दिन भित्र आवश्यक छानबिन तथा कार्वाही गर्ने,

छ) दफा ७ को उपदफा १ (च) बमोजिम छानबिन गर्दा सूची सच्याउन पर्ने देखिएमा वडा समितिले विवरण सच्याउने,

ज) वडा समितिको निर्णय सहित अनुसूची २ को ढाँचामा सुची तयार गरि स्वास्थ्य बिमामा आवद्धताका लागि पालिका स्तरिय समितिमा सिफारिस गर्ने,

झ) दफा ७ को उपदफा १ (ज) बमोजिमको सूचीमा उल्लेख भएका परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र नागरिकताबाट स्थायी बसोबास नखुलेमा, स्थायी बसोबास खुल्ने बसाईसराई, विवाह दर्ता वा अन्य कागजात भए सो समेतको प्रतिलिपी संलग्न गरि पालिका स्तरिय समितिमा पठाउनुपर्नेछ ।

२)वडा समितिको सिफारिसको आधारमा पालिका स्तरिय समितिले आवश्यकजाँचबुझ गरि कार्यपालिकाबाट प्रमाणित गरि सम्बन्धीत वडाका स्वास्थ्य बिमा दर्ता सहयोगी मार्फत स्वास्थ्य बिमा गराउने साथै प्रिमियम भुक्तानी गर्ने व्यवस्था मिलाउने

३) वडा कार्यालयले प्रत्येक वर्ष नवीकरण अवधि अगावै विमितहरुको सुची अनुसूची २ को ढाँचामा अद्यावधिक गरि नविकरणका लागि वडा समिति मार्फत गाउँपालिका स्तरिय समितिमा सिफारिस गर्नुपर्दछ ।

४) यस कार्यविधि बमोजिम आवद्धता भएका विमितहरुको प्रत्येक वर्ष म्याद नगुज्रिदै नविकरण गरिदिनु गाउँपालिकाको दायित्व हुनेछ ।

## परिच्छेद- ५

## सेवाको मापदण्ड सम्बन्धी व्यवस्था

८. **स्वास्थ्य बिमाको मापदण्ड :** १) गाउँपालिकाको शतप्रतिशत लगानीमा स्वास्थ्य बिमा सेवा उपलब्ध गराउन देहाय बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ ।

क) नेपाली नागरिकताको प्रतिलिपी

ख) विपन्न नागरिक भएको रुरुक्षेत्र गाउँपालिकाको सम्बन्धीत वडा कार्यालयकोसिफारिस पत्र

ग) विपन्न नागरिक भएको सम्बन्धीत वडा समितिको निर्णय

घ) विपन्न नागरिक भएको रुरुक्षेत्र गाउँपालिकाको पालिका स्तरीय समितिको निर्णय

## परिच्छेद-६

## समितिको गठन, काम कर्तव्य र अधिकार

**९. समिति :** १) दफा ३ (१) बमोजिम गाउँपालिकाले शतप्रतिशत लगानीमा विपन्न नागरिकलाई उपलब्ध गराउने स्वास्थ्य विमालाई व्यवस्थित गर्न गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको समिति गठन गरिनेछ :-

क) सम्बन्धीत वडाको वडाअध्यक्ष - संयोजक

ख) सम्बन्धीत वडाको स्वास्थ्य संस्था प्रमुख - सदस्य

ग) सम्बन्धीत वडाको बिमा स्वास्थ्य कार्यकर्ता - सदस्य

घ) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मध्येबाट अध्यक्षले मनोनयन गरेको एक जना -सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

२) दफा ९ (१) बमोजिमको समितिबाट प्राप्त स्वास्थ्य बिमाका लाभग्राहीहरुको सिफारिस तथा पालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरिय समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समिति संयोजक - सदस्य

ङ) कार्यपालिकाको महिला सदस्यहरु मध्येबाट १ जना - सदस्य

च) गाउँपालिका भित्रका स्वास्थ्य बिमा कार्यकर्ताहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको १ जना - सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**१०. काम, कर्तव्य र अधिकार :**

१. दफा ९ (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आफ्नो वडा भित्र स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गर्ने,

ख) अति गरिब तथा विपन्न परिवारको पहिचान/ छनौट गरि स्वास्थ्य बिमामा आवद्धताका लागि पहल गर्ने,

ग) स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रम संग सम्बन्धीत काम दर्ता सहयोगीहरु मार्फत गराउने तथा आवश्यक अनुगमन गर्ने,

घ) स्वास्थ्य बिमा गरेका लाभग्राहीको अभिलेख वडा कार्यालय र स्वास्थ्य संस्थामा व्यवस्थित गर्ने र गर्न लगाउने ।

२. दफा ९ (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य बिमा कार्यक्रम बिस्तार गर्ने प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने

ख) अति गरिब र विपन्न परिवारलाई कार्यक्रममा आवद्ध गर्न गाउँपालिका र स्वास्थ्य बिमा बोर्ड बिच समन्वय गर्ने,

ग) स्वास्थ्य बिमाबाट प्रदा नगरिने औषधीहरु गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुद्वारा सञ्चालित बिमा फार्मेसीमा उपलब्ध रहे/नरहेको सुनिश्चित गरि उपलब्ध गराउन समन्वय तथा पहल गर्ने,

घ) स्वास्थ्य बिमा कार्यक्रम प्रवर्धनका लागि माथिल्लो निकाय संग समन्वय गर्ने,

ङ) स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भएका स्वास्थ्य संस्थाबाट सेवालाई प्रभावकारी गराउन स्वास्थ्य बिमा बोर्ड संग समन्वय गरि सहयोगात्मक सुपरिवेक्षण तथा अनुगमन गर्ने/ गराउने,

च) गाउँपालिकाद्वारा सञ्चालित विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम अन्तरगत स्वास्थ्य बिमा गराउन वडा समितिको सिफारिसको आधारमा आवश्यक जाँचबुझ गरि सम्बन्धीत वडाका दर्ता सहयोगी मार्फत स्वास्थ्य बिमा गराउने साथै प्रिमियम भुक्तानी गर्ने/गराउने,

छ) समितिले आवश्यक देखेका बिमा कार्यक्रम संग सम्बन्धीत अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद- ७
## विविद्य

**११. बजेट व्यवस्थापन :**

१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत स्वास्थ्य बिमा कार्यक्रमका लागि गाउँपालिका स्तरबाट विनियोजित भएको रकम यस कार्यविधि बमोजिम विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम मार्फत बजेट व्यवस्थापन गरिनेछ ।

२) प्रत्येक वर्ष अघिल्लो आ.व. सम्ममा स्वास्थ्य बिमामा आवद्धता गराइएका विपन्न नागरिक तथा परिवारको संख्याको आधारमा नविकरणका लागि प्रयाप्त बजेर र चालु आ.व. मा नयाँ आवद्धताका लागि आवश्यक बजेट गाउँ सभाले विनियोजन गर्नेछ ।

**१२. अनुगमन तथा मुल्यांकन :** विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमको अनुगमन तथा मुल्यांकन स्वास्थ्य शाखा र पीलिका स्तरिय समितिले गर्ने/ गराउनेछ ।

**१३. स्वास्थ्य बिमाको कार्यान्वयन र प्रतिवेदन :** यस कार्यविधि बमोजिम सिफारिस भई स्वास्थ्य बिमाकालागि समितिबाट सिफारिस भई आएका लाभग्राहीको स्वास्थ्य बिमाको कार्यान्वयन गाउँपालिका स्वास्थ्य शाखाले गर्नेछ र कार्यक्रमको प्रतिवेदन तथा बिमितहरुको सूचि स्वास्थ्य शाखाले तयार गरि राख्नेछ ।

**१४. सम्पर्क तथा सहजिकरण शाखाको जिम्मेवारी :** यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन तथा सहजिकरणका लागि गाँउपालिका स्वास्थ्य शाखाले सम्पर्क तथा सहजिकरण शाखाको कार्य गर्नेछ ।

**१५. संशोधन वा हेरफेर :** कार्यपालिकाले यस कार्यविधिमा आवश्यक्ता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची-१**

**दफा ७ को उपदफा १ (ख) संग सम्बन्धित )**

मिति :

श्रीमान् वडा अध्यक्षज्यू,
....... नं. वडा कार्यालय
रुरुक्षेत्र गाउँपालिका, गुल्मी ।

विषय : विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम मार्फत स्वास्थ्य बिमा आवद्धता हुन पाउँ ।

उपरोक्त सम्बन्धमा रुरुक्षेत्र गाउँपालिका वडा नं..........टोल ..................... निवासी परिवार सदस्य संख्या ...... भएको म..................................को परिवार गरिव तथा अति विपन्न वर्गमा पर्ने भएको र हाल सम्म पनि मेरो आयश्रोतबाट स्वास्थ्य बिमा कार्यक्रममा आवद्धता हुन नसकेका कारण गाउँपालिकाको “विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” अनुसार स्वास्थ्य बिमा कार्यक्रममा आवद्धता हुन पाउँ भनि यो निवेदन पेश गरेको छु ।

निवेदक

औठाको छाप

दायाँ बायाँ

हस्ताक्षर :
नाम :
ठेगाना :
न. प्र.प.नं.:
सम्पर्क नं. :

## अनुसूची-२

**(दफा ७ को उपदफा १ (ज), उपदफा ३ संग सम्बन्धित)**

***स्वास्थ्य बिमा आवद्धताका लागि छनोट गरिएका/नविकरणका लागि अद्यावधिक गरिएका परिवारका सदस्यहरुको सूची***

वडा नं. :

आ.व. :

| क्र.स. | घरमुलीको नाम/थर | परिवारका सदस्यहरुको नाम/थर | नागरिकता नं./जन्मदर्ता नं. | वडा नं. | गाउँ, टोल | घरमुलीको सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | १. | | | | | |
| | | २. | | | | | |
| | | ३. | | | | | |
| | | ४. | | | | | |
| | | ५. | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | १. | | | | | |
| | | २. | | | | | |
| | | ३. | | | | | |
| | | ४. | | | | | |
| | | ५. | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत